**अनुसूची -२**

(दफा ४ तथा अनुसूची -१ को भाग २ सँग सम्बन्धित)

विराटनगर महानगरपालिका

# स्थानीय राजपत्र

खण्डः ०७ सङ्ख्याः ०७ मितिः २०८१।०८।२६

## भाग-२

## विराटनगर महानगरपालिका

नगर कार्यपालिकाको स्वीकृतिबाट जारी

**"विराटनगर यातायात व्यवस्थापन (पहिलो संशोधन) कार्यविधि, २०८०"**

# विराटनगर यातायात व्यवस्थापन (पहिलो संशोधन) कार्यविधि, २०८१

विराटनगर यातायात व्यवस्थापन कार्यविधि, २०८० लाई समयानुकूल संशोधन गर्न वाञ्छनीय भएकोले,

विराटनगर यातायात व्यवस्थापन कार्यविधि, २०८० को दफा ४२ ले दिएको अधिकार प्रयोग गरी विराटनगर महानगरपालिकाको नगर कार्यपालिकाले देहायको व्यवस्थाहरू संशोधन तथा थप गरेको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यी व्यवस्थाहरूको नाम "विराटनगर यातायात व्यवस्थापन (पहिलो संशोधन) कार्यविधि, २०८१ रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **विराटनगर यातायात व्यवस्थापन कार्यविधिको दफा ५ मा संशोधनः** विराटनगर यातायात व्यवस्थापन कार्यविधि, २०८० (यस पछी "मूल कार्यविधि" भनिएको) को दफा ५ को उपदफा (१) को खण्ड (क) को क्र.स. ८ मा रहेको 'नगरपालिका' भन्ने शब्द झिकी 'महानगरपालिका' भन्ने शब्द राखिएको छ ।

३. **मूल कार्यविधिको दफा १० मा संशोधनः** मूल कार्यविधिको दफा १० को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छ,-

"(१) सवारीको गति सीमा संघीय ऐन, प्रदेश ऐन तथा नियमावलीले तोके बमोजिम हुनेछ ।"

४. **मूल कार्यविधिको दफा १४ मा संशोधनः** मूल कार्यविधिको दफा १४ को सट्टा देहायको दफा १४ राखिएको छ,-

"१४. अन्यत्र दर्ता भएका सवारी सञ्चालनमा रोक नलगाईनेः अन्य स्थानीय तहका नागरिकले सम्बन्धित स्थानीय तहको सहमति सिफारिसका आधारमा विराटनगर महानगरपालिकाको विद्यमान ऐन, नियमको परिधिमा रही दर्ता गरी सञ्चालन गर्न सक्नेछन् ।"

५. **मूल कार्यविधिमा दफा '३९क' भन्ने नयाँ दफा थपः** मूल कार्यविधिको दफा ३९ पछाडि देहायको नयाँ दफा '३९क' थप गरिएको छ,-

"३९क. सवारी बिक्रीः विराटनगर महानगरपालिका स्थायी ठेगाना भएको व्यक्ति तथा संस्थाले आफ्नो नाममा दर्ता गरी सञ्चालन गरिरहेको सवारी विक्री गर्नु परेमा निजले विराटनगर म.न.पा. तथा अन्य स्थानीय तह ठेगाना भएका व्यक्ति तथा संस्थालाई पनि विक्री गर्न सक्नेछ ।"

६. **मूल कार्यविधिको अनुसूची ६, ९ र ११ मा संशोधनः** (१) मूल कार्यविधिको अनुसुची ६ मा रहेको "सवारीको लिलाम गर्दा दिइने दस्तखत" को सट्टा "सवारीको लिलाम गर्दा दिइने दरखास्त" भनी राखिएको छ ।

(२) मूल कार्यविधिको अनुसुची ९ मा रहेको "सवारी धनी मृत्यु भएमा सवारी नामसारी गर्न दिइने दस्तखत" को सट्टा "सवारी धनी मृत्यु भएमा सवारी नामसारी गर्न दिइने दरखास्त" भनी राखिएको छ ।

(२) मूल कार्यविधिको अनुसुची ११ मा रहेको "सवारीको लगतकट्टाको लागि दिइने दस्तखत" को सट्टा "सवारीको लगतकट्टाको लागि दिइने दरखास्त" भनी राखिएको छ ।

**आज्ञाले**

राजेन्द्र पराजुली

प्रमुख प्रशासकीय अधिकृत